# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, वैशाख ५ गते, २०७९ साल (संख्या २

# भाग ३

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

## सूचना

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) नियमावली, २०७८**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ले दिएको अधिकार प्रयोगगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरुको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९को नियम २० मा संशोधनः** अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (२) को ठाउँ ठाउँ रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-९ मा रहेको "गा.वि.स." भन्ने शब्दको सट्टा "गा.पा." भन्ने शब्द राखिएको छ ।

(२) अनुसूची-१० को रोहबर अन्तर्गतको खण्ड (ग) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

४. **खारेजीः** मूल नियमावलीको नियम ३० खारेज गरिएको छ ।

आज्ञाले,
तोयम राया
सचिव ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।